प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यबस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५(३) तथा दफा ५(४) र नियमावली २०६५ को नियम ३ अनुसार प्रकाशित विवरण
आ.व. २०७६/६६ (२०७६ श्रावण देखि २०७६ असोज मसान्त सम्म )

## १. निकायको प्रकृति र स्वरूप

समग्र कृषि विकासमा तालिमको महत्वपूर्ण भूमिका हुन्छ । व्यक्तिको ज्ञान, सीप, क्षमता र मनोवृत्ति विकासमा सहयोग पुर्याउने तालिमले सैद्धान्तिक ज्ञानलाई व्यवहारमा लागु गर्न सघाउँछ । राष्ट्रिय कृषि नीति २०६१, कृषि प्रसार रणनीति २०६४, कृषि विकास रणनीति (इ.स.२०१५—२०३५) लगायत कृषिसँग सम्बन्धित विभिन्न ऐन तथा नीति नियमहरुले पनि कृषि तालिमको महत्वलाई औंल्याएका छन् । यसै सन्दर्भमा संघिय गणतान्त्रिक व्यवस्थामा रुपान्तरित भई संघ, प्रदेश र स्थानिय निकायमा विद्यमान रहेका छन । साविक क्षेत्रिय कृषि तालिम केन्द्र, खजुरा, बाँके विघटन भई हाल प्रदेश सरकार प्रदेश नं ५ मातहतमा प्रदेश नं ५ का कृषि व्यवसायि, उद्यमी, कृषक तथा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने र कृषि व्यवसाय संचालन गर्न सहयोग पुर्याउने उदेश्यले यो कार्यालय स्थापना भएको छ ।

## २. निकायको काम र कर्तव्य

२.१ प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
२.२ प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
२.३ कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
२.४ कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
२.५ विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
२.६ कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,
२.७ विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
२.८ कृषि बजार तथा  पूर्वाधार विकासमा सहयोग

२.९ प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

२.१० कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।

२.११ प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।

२.१२ तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,

२.१३ कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।


## ३. कर्मचारीको विवरण

यस कार्यालयको स्वीकृत कर्मचारी दरवन्दी १६ जनाको रहेको छ | जसमा हाललाई पदपूर्ति भएको पद र कार्यरत कर्मचारीको विवरण यस प्रकार रहेको छ |

| क्र.सं | नाम | पद | स्थायी ठेगाना |
|---|---|---|---|
| १ | अमरराज शर्मा घिमिरे | बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर दशौं) | गडवा गा.पा., दाङ |
| २ | विनोद सुनार | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | तुलसिपुर उ.म.पा ७, दाङ |
| ३ | अनिश श्रेष्ठ | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | खजुरा गा.पा ३, बाँके |
| ४ | भुवन कुमार के.सि. | लेखा (अधिकृतस्तर छैठौं) | नेपालगन्ज उ.म.पा ४, बाँके |
| ५ | भोला प्रसाद शर्मा | प्रशासन (अधिकृतस्तर छैठौं) | तुलसिपुर उ.म.पा १५, दाङ |
| ६ | अमर राज आचार्य | अधिकृतस्तर छैठौ (कृषि अर्थ) | प्युठान न.पा. १, प्युठान |
| ७ | खडक बहादुर बस्नेत | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | मधुवन न.पा. ९, बर्दिया |
| ८ | राधिका पौडेल | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | कोहलपुर न.पा. ११, बाँके |
| ९ | चन्द्र बहादुर डाँगी | हलुका सवारी चालक | राप्तीसोनारी गाँउपालिका ८, शम्सेरगंज, बाँके |
| १० | सुर्य बहादुर थापा | हलुका सवारी चालक | खजुरा गा पा ७, बाँके |

| | | | |
|---|---|---|---|
| ११ | श्रीमती दुर्गा पाठक | कार्यालाय सहयोगी | जानकी गाँउपालिका ४, खजुरा, बाँके |
| १२ | पञ्चम यादव | कार्यालय सहयोगी | डुडुवा गाँउपालिका, बाँके |
| १३ | नब्बन भंगी | कार्यालय सहयोगी | नेपालगन्ज उ.म.न.पा, बाँके |

## ४. कार्यालयको संगठन संरचना




## ५. शाखाहरुको कार्यविवरण

### ५.१ कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा

- प्रदेशस्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत  कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्रासिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रर्बद्धनसंग सम्वन्धित निकायहरुवीच समन्वय कायम गर्ने,

- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा  पूर्वाधार विकासमा सहयोग
- प्रदेशस्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने ।

**५.२ कृषि व्यवसाय तालिम शाखा**

- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने ।
- प्रदेश र स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने ।
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रर्बद्धन  सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने ।

**५.३ प्रशासन शाखा**

**५.३.१ लेखा फाँट**

- आर्थिक प्रशासन सम्बन्धी सम्पूर्ण कार्यहरु गर्ने ।
- नियमित रुपमा लेखा परिक्षण गराउने ।
- बेरुजु हुन नदिन तर्फ सतर्क रहने तथा बेरुजु रेकर्ड अद्यावधिक राख्ने र नियमित रुपमा बेरुजु फछ्र्यौट सम्बन्धि कार्यहरु गर्ने ।

**५.३.२ सामान्य प्रशासन तथा स्टोर फाँट**

- कर्मचारी प्रशासन तथा सामान्य प्रशासन सम्बन्धि कामहरु गर्ने ।
- जिन्सी व्यवस्थापन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।
- कार्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा दुरुपयोग हुन नदिन आवश्यक कार्य गर्ने ।
- वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्न योजन अनुगमन शाखालाई सहयोग गर्ने ।
- तालिम केन्द्रमा रहेको खर्च भएर नजाने प्रकृतिका जिन्सी सामानहरुको विवरण अद्यावधिक राख्ने |
- अभिलेखीकरण, बैठक, निर्णय लेखन, बैठक व्यवस्थापन |
- अन्य शाखाको कार्यविवरणमा नपरेका प्रशासनिक लगायत अन्य सबै कार्य गर्ने |
- दर्ता/चलानी साथै सक्कल कागजात सम्बन्धित ठाउँमा पुर्याउने |

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

- सूचना ५ पेज सम्म निशुल्क, यदि सो भन्दा माथि भएमा प्रति पेज रु ५/- दस्तुर लाग्ने, सुचनाको प्रकृति हेरी बढीमा १५ दिन सम्मको अवधि लाग्ने |

- मागमा आधारित तालिम निशुल्क प्राप्त हुने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- कृषि बजार तथा व्यवसाय प्रवर्द्धन सहयोग अनुदान निशुल्क प्राप्त हुने, तर लागत सहभागिता बमोजिम लगानी रहने, माग संकलन पश्चात कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन हुने ।
- प्राविधिक सर-सल्लाह निशुल्क प्राप्त हुने, सम्भव भए सम्म छिटो प्राप्त हुने ।
- कार्यक्रम हल उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर सानो हलको रु १०००/- र ठुलो हलको रु २०००/- लाग्ने ।
- होस्टेल कोठा उपलब्ध रहेको अवस्थामा माग भै आएको बखत, दस्तुर रु १०० प्रति व्यक्ति ।

**७. उजुरी, निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी**

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेका निमित्त कार्यालय प्रमुख श्री अमरराज शर्मा घिमिरे ।

**८. सम्पादित कामको विवरण**

- तालिम पाठ्यक्रम निर्माण/परिमार्जन गोष्ठी संचालन — ३६ जना सहभागी
- प्रदेशका कृषि उपज बजारका सरोकारवालाहरुको अन्तरकृया गोष्ठी संचालन — ३३ जना सहभागी
- स्मार्ट कृषि गाउँका कृषकहरुलाई बाली बिशेष तालिम (६ दिने) संचालन — २८ जना सहभागी

**९. प्रमुख र सूचना अधिकारीको विवरण**

- निमित्त कार्यालय प्रमुख श्री अमरराज शर्मा घिमिरे, बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर दशौं)
- सूचना अधिकारी श्री अनिश श्रेष्ठ, कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं)
- सहायक सूचना अधिकारी श्री अमरराज आचार्य, अधिकृत (अधिकृतस्तर छैठौं)

**१०. ऐन, नियम, विनियम, निर्देशिकाको सुची**

- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सुचनाको हक सम्बन्धि नियमावली, २०६५
- सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, प्रदेश नं. ५

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धि विवरण

### पुजिगत खर्च

| खर्च संकेत नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. हजारमा) | हाल सम्मको खर्च (रु. हजारमा) |
|---|---|---|---|
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार | ४५० | २०१३५. |
| ३११२१ | सवारी साधन | ५०० | ५०० |
| ३११२२ | मेसिनरी तथा औजार | २३० | २२९५०. |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ३५० | ३४९४७३. |
| ३११२३ | अन्य सार्वजनिक निर्माण | १५०० | ० |
| | जम्मा | ३०३० | **१२८०३२३.** |

### चालु खर्च

| खर्च संकेत नं. | कार्यक्रमको नाम | वार्षिक बजेट (रु. हजारमा) | हाल सम्मको खर्च (रु. हजारमा) |
|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ७९३१ | २०३९ |
| २११२१ | पोशाक | १६० | ० |
| २११३२ | महंगि भत्ता | ३८४ | ७८ |
| २११३४ | कर्मचारी बैठक भत्ता | ५० | ० |
| २११३९ | अन्य भत्ता | १०६ | ० |
| २२१११ | पानी तथा विजुलि | ४४३ | १३६०१. |
| २२११२ | संचार महसुल | १५० | ७१५. |
| २२२१२ | ईन्धन (कार्यालय प्रयोजन) | ३७७ | ९२६६. |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३१० | १८६५८. |
| २२२१४ | विमा तथा नविकरण खर्च | ५० | ० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ५४० | ११७७३. |
| २२३१३ | पुस्तक तथा सामाग्री खर्च | ५० | ० |
| २२३१४ | ईन्धन (अन्य प्रयोजन) | ९५ | ४१०५६. |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १०५ | ० |
| २२४१९ | अन्य सेवा शुल्क | ३६० | ३१७६. |
| २२५२२ | कार्यक्रम खर्च | १२५ | ० |
| २२७११ | विविध खर्च | २४० | ६४२८६. |
| २२५११ | कर्मचारी तालिम खर्च | १२०० | २०० |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धि खर्च | १२६०० | ४६७५८५. |
| २२५२२ | कार्यक्रम खर्च | १०० | ० |

| | | | |
|---|---|---|---|
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | १८० | ३४१. |
| २२५१२ | सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्बन्धि खर्च | ४५० | १०६७२. |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | १८० | ० |
| २६४२३ | अन्य सँस्थालाई सशर्त पुजिगत : अनुदान | ३०००० | ० |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १०० | ७० |
| २२४१२ | सुचना प्रणालि तथा सफ्टवेयर संचालन खर्च | ५० | ० |
| २२५२२ | कार्यक्रम खर्च | १४०० | ० |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | १०० | १२ |
| २२६११ | अनुगमन मुल्याङ्कन खर्च | ३०० | १३४०५. |
| २६४१३ | अन्य सँस्थालाई सशर्त अनुदानः | ५००० | ० |
| | जम्मा | ६३१३६ | ३८८३.२४ |

## १२. अघिल्लो आ.व. मा संचालित कार्यक्रमहरु

| क स | तालिमको बिषय | सहभागी संख्या |
|---|---|---|
| क | कृषक स्तर | |
| १ | विदेशवाट फर्किएका युवाहरुलाई तालिम १२ दिने (२ पटक) | ४६ |
| २ | व्यवसायिक तरकारी फलफुल खेति तालिम (२ पटक) | ४५ |
| ३ | च्याउ उत्पादन तालिम (३ पटक) | ७२ |
| ४ | मौरिपालन तालिम ६ कार्य दिन (२ पटक) | ४४ |
| ५ | गुणस्तरिय विउ उत्पादन तालिम | २१ |
| ख | प्रा.स/ना.प्रा.स स्तर | |
| १ | तरकारि विउ उत्पादन तालिम ६ दिने | २२ |
| २ | जलबायु परिबर्तन अनुकुलन र बालि विमा | २१ |
| ३ | सेवाकालिन तालिम (प्रा.स,ना. प्रा .स ) ३० कार्य दिन | १५ |
| ग | मन्त्रालयबाट आयोजित | |
| १ | व्यवसायिक मौरीपालन तालिम | १३ |
| | **जम्मा** | **२९९** |

## १३. सार्वजनिक निकायको वेबसाइट

यस कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको वेबसाइट www.abpstc.p5.gov.np रहेको छ ।

**१४. वैदेशिक ऋण/अनुदान/सहयोग**

नरहेको ।

**१५. कार्यक्रम प्रतिवेदन**

- कार्यक्षेत्र भित्रका १२ जिल्लाका २८ कृषकहरुलाई तालिम प्रदान ।
- कार्यालयले संचालन गर्दै आएको र संचालन गर्ने ८ प्रकारका तालिमको पाठ्यक्रम परिमार्जन र ११ प्रकारका तालिमको पाठ्यक्रम निर्माण ।
- कार्यक्षेत्र अन्तर्गतका ३ कृषि ज्ञान केन्द्र, ६ जिल्लाका स्थानिय तहका कर्मचारी तथा २ जिल्लाका उद्योग वाणिज्य संघका प्रतिनिधिहरुसंग अन्तरकृया ।
- कार्यक्षेत्र भित्रका ६ जिल्लाका कृषकहरुको अनुगमन ।

**१६. सुचनाको वर्गीकरण**

सबै सूचना खुल्ला रहेको ।

**१७. सुचनाको माग सम्बन्धि निवेदन**

प्राप्त नभएको ।

**१८. विवरण अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण**

कार्यालयको वार्षिक प्रगति पुस्तिका र चौमासिक प्रकाशन हुने चौमासिक बुलेटिन ।